स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





चलचित्र "सिन्दुरे जात्रा"को छायांकनका क्रममा मुख्य अभिनेता विजय बराल घाइते भएका छन्। पर्वतको कुस्मामा छायांकनका क्रममा घोडाबाट खसेर उनको दाहिने हातको नाडीको जोर्नीमा चोट लागेको हो। गत जेठ १ गतेदेखि कुस्मा नगरपालिकास्थित आर्थर डाँडाखर्कबाट चलचित्रको छायांकन सुरु भएको थियो। करिब १५ दिनको कार्यतालिका सकेर बुधबार एक दृश्यका लागि घोडा चढ्ने क्रममा सन्तुलन बिग्रँदा बराल दुर्घटनामा परेका हुन्।

**आजको विचार...**



गणेश अम्गाई

नेतृत्वले...

(दुई पेजमा)

फुलबु` सारी, टाढा भएपनिसहितका दर्जन चर्चित म्युजिक भिडियोमा सहकार्य गरेपछि पल शाह र मलिका महतले अब कथानक फिल्ममा सहकार्य गर्ने पक्का भएको छ। पलको आगामी फिल्म "आबाट आमा २" मा मलिकालाई शीर्ष भूमिकामा देख्न पाइने भएको हो। निर्मातासँग मलिकाले लिखित समझदारी गरेकी छन्। फिल्ममा यी दुईको जोडी बाँध्न लागिएको निर्देशक चन्द्र पन्तले बताए। भिडियोमा लोकप्रिय यो जोडीलाई फिल्ममा पनि हेर्न पाउनुपर्ने माग दर्शकको थियो।

❐ वर्ष ३१ ❐ अंक ३०३ ❐ २०८३ जेठ १८ गते सोमबार 1 June 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पर्यटक बस दुर्घटना ८ को मृत्यु

(सिन्ह्वा)

**इस्तानबुल,** जेठ १७/पश्चिमी टर्कीएमा आइतबार बिहान भएको पर्यटक बस दुर्घटनामा कम्तीमा आठ जनाको मृत्यु भएको छ भने ३३ जना घाइते भएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार ३८ यात्रु र तीन चालकदल सदस्य बोकेको बस इज्मिर शहरबाट भूमध्यसागरीय पर्यटकीय गन्तव्य अन्टालियातर्फ जाँदै थियो । यात्रा क्रममा डेनिज्ली प्रान्तस्थित डेनिज्ली-आयदिन राजमार्गमा बस अनियन्त्रित भई सडक किनारको सुरक्षा बारमा ठोक्किएको थियो । दुर्घटनापछि बसमा आगलागीसमेत भएको बताइएको छ । मृतकमध्ये बस चालक र नौ महिनाको एक शिशु पनि रहेका छन् । दुर्घटनामा घाइते भएका ३३ जनालाई उद्धार गरी नजिकका अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ । केही घाइतेको अवस्था गम्भीर रहेको जनाइएको छ । दुर्घटनाको कारण तत्काल खुल्न नसकेको र घटनाबारे सम्बन्धित निकायले अनुसन्धान सुरु गरेको अधिकारीहरूले बताएका छन् । टर्कीमा पछिल्ला वर्षहरूमा सडक सुरक्षा सुधारका प्रयास भए पनि तीव्र गति, चालकको थकान तथा प्राविधिक समस्याका कारण यस्ता दुर्घटनाहरू समय-समयमा हुने गरेका छन् । यस घटनाले पुन: सडक सुरक्षाप्रति ध्यान दिनुपर्ने आवश्यकता औँल्याएको छ ।

# संसद्मा बोल्दा विवादमा तानिए प्रधानमन्त्री

## सीमा विवादबारेको अभिव्यक्तिप्रति सर्वत्र विरोध

**हाम्रा संवाददाता**


**पाल्पा,** जेठ १७/ गत फागुनमा भएको प्रतिनिधि सभा निर्वाचनपछि प्रधानमन्त्रीको हैसियतमा पहिलो पटक सांसदहरूसँगको प्रश्नोत्तरमा सहभागी बालेन शाहको अभिव्यक्ति विवादमा तानिएको छ । आइतबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्रीले नेपाल-भारत सीमा र चीनको विकासको अवस्थाबारे दिएको अभिव्यक्ति विवादमा तानिएको हो ।

प्रधानमन्त्री शाहले श्रम संस्कृति पार्टीका सांसद आरेन राईको प्रश्नको जवाफ दिने क्रममा नेपाल भारतको सीमा कूटनीतिक छलफलबाट समाधान गर्ने बताएका थिए । त्यसक्रममा उनले भनेका थिए, "म प्रधानमन्त्री भएपछि थाहा पाएको भारतले मात्र होइन नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको रहेछ ।" सीमा विवादको विषयमा दुईपक्ष बसेर हेर्ने पनि उनको प्रतिवद्धता थियो । उक्त अभिव्यक्तिमाथि संसद्देखि सर्वत्र प्रश्न उठेको छ । नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेश मल्लले प्रधानमन्त्रीको अभिव्यक्ति सदनको रोष्ट्रमबाट हटाउनु पर्ने



बताएका छन् । उनले भनेका छन्, "मुलुकको राष्ट्रिय अखण्डतामा आँच आउने खालको अभिव्यक्ति सम्माननीय प्रधानमन्त्रीज्यूले जसरी जिम्मेवार व्यक्ति, जिम्मेवार सदनको रोष्ट्रमबाट व्यक्त गर्नुभएको छ । यो सामान्य विषय छैन ।" प्रधानमन्त्री बालेनले "अनौपचारिक कुराकानीमा राखेको विषय जस्तो सम्झिए जस्तो गरी बोलेको हुन सक्ने भन्दै उनले थपे, "यो कुरा धेरै नै गम्भीर छ ।" यसमा प्रश्न उठाउँदै सांसद मल्लले भने, "के अरु कुनै मुलुकका प्रमुख/राष्ट्र प्रमुखहरूले मञ्चमा बसेर हामीले फलानो देशको भूमि मिचेका छौं भन्छन् होला ? यो कति गम्भीर विषय छ ।" यसकारण पनि प्रधानमन्त्रीको अभिव्यक्ति संसदीय रेकर्डबाट हटाउनुपर्ने उनको माग छ । सांसद मल्लले भनेका छन्, "यो सम्माननीय प्रधानमन्त्रीको अभिव्यक्तिलाई हामीले संसद्को तर्फबाट करेक्सन गर्नैपर्दछ । र त्यो अभिव्यक्तिलाई संसद्को रेकर्डबाट हटाइनुपर्छ ।" नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले पनि यो विषयमा प्रश्न उठाइन् । उनले "सम्माननीय प्रधानमन्त्रीले नेपालको तर्फबाट पनि भारतको भूमि मिचिएको रहेछ भन्नुभयो । यहाँ कहाँनेर मिचिएको हो यसबारे छिटो भन्दा छिटो अवगत गराइयोस् "उनले भनेकी छन्, "यो गम्भीर विषय हो । प्रधानमन्त्रीले दुई देशको सीमाबारे बोलेको यो सत्य हो भने राखिनपर्‍यो । यदि यो सही होइन भने रेकर्डबाट हटाइयोस् ।" यस्तै राजनीतिक दलहरुले पनि सो अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । नेपाली काँग्रेस, नेकपा एमाले लगायतका दलहरुले प्रधानमन्त्रीले संसदमा दिएको सीमा सम्बन्धी अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका छन् । उनीहरुले प्रधानमन्त्रीको भनाइलाई गैरजिम्मेवार, तथ्यहीन र राष्ट्रिय हित विपरीत रहेको बताएका छन् । राष्ट्रिय स्वाधीनता र सीमाजस्तो संवेदनशील विषयमा प्रधानमन्त्रीबाट आएको अभिव्यक्ति अपरिपक्व र भ्रमपूर्ण रहेको उनीहरुको ठहर छ ।

## हत्या गरेको अभियोगमा पक्राउ



**नवलपरासी पूर्व,** जेठ १७/ यहाँ हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् । आफ्नै छोरा ४३ वर्षीय शंकर गिरीको हत्या गरेको अभियोगमा गैंडाकोट नगरपालिका-१५ चिन्तामणी टोल बस्ने ६३ वर्षीय डम्मर गिरीलाई प्रहरीले पक्राउ गरेको हो ।

डम्मरले घरायसी विवादको कारण धारिलो हतियार खुर्पा प्रहार गर्दा शंकर गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट बेल्डिहाबाट खटिएको प्रहरीले डम्मरलाई पक्राउ गरेको हो । गम्भीर घाइते भएका शंकरको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ढाका उद्योगमार्फत आत्मनिर्भर बन्दै तमानखोलाका महिला

**गलकोट (बागलुङ),** जेठ १७/ जिल्लाको तमान गाउँका जमूना घर्तीलाई ढाकाका कपडा बुन्न भ्याइनभ्याइ छ । तमानखोला गाउँपालिका-३ मा रहेको महिला कल्याण आमा समूहको भवनमा बिहानैदेखि ढाकाको अस्कोट बुन्दै गरेकी घर्तीले आफू जस्तै १५ जना महिलाले हरेक दिन ढाकाका विभिन्न कपडा बुन्दै आएका बताइन् ।



ढाका उद्योगमार्फत महिलालाई आत्मनिर्भर बनाउने पहलअन्तर्गत तमानखोलाले महिलालाई ढाका उद्यमी बनाउनेदेखि उत्पादन खरिद गर्नेसम्मका काममा सघाउँदै आएको छ । ढाकाका सल, टोपी, गलबन्दी र अस्कोट बुन्ने र बिक्रीमार्फत यहाँका महिला आत्मनिर्भर बन्दै आएका छन् । महिलाले उत्पादन गरेका कपडा तमानखोला गाउँपालिकाको कार्यालयले खरिद गरी बिक्रीमा सहजीकरण गरिरहेको घर्तीले बताइन् । करिब सात वर्ष पहिले म्याग्दीबाट आएका प्रशिक्षकमार्फत गाउँमा ढाकाका कपडा उत्पादन गर्ने सीप सिकेका महिलालाई समूहमा आबद्ध गराएर थप व्यावसायिक बनाउन गाउँपालिकाले लगानी गरेको हो । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बुवाआमाप्रतिको जिम्मेजारी निभाऔं

**समाजको पहिलो विद्यालय परिवार हो, र परिवारका पहिलो शिक्षक बुवा र आमा हुन् । सन्तानको जन्मदेखि नै उनीहरूले माया, संरक्षण, अनुशासन र संस्कार प्रदान गर्दै व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । यही अमूल्य योगदानको सम्मानस्वरूप विश्वभर विभिन्न अवसरमा बुवा र आमालाई समर्पित दिवस मनाइने गरिन्छ । उनीहरूको त्याग, समर्पण र निस्वार्थ प्रेमप्रति कृतज्ञता व्यक्त गर्ने उद्देश्यले आज विश्वभर बुवाआमा दिवस मनाइँदै छ । सन् २०१२ को संयुक्त राष्ट्र संघको महासभाले विश्वभरिका आमाबुवालाई केन्द्रित गर्दै हरेक वर्ष जुन १ लाई आमाबुवा दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । सोही घोषणा अनुसार यो दिवस मनाउने गरिन्छ । अहिलेको अवस्थामा यो दिवस मनाउनु राम्रै मानिन्छ । जो बुवा आमा भन्दा टाढा छन् । जसले वर्षौंसम्म पनि आमा बुवा भेट्न पाउँदैनन्, उनीहरुका लागि यो दिवस महत्वपूर्ण रहन्छ । तर वर्षमा एक दुई पटक बुवा आमाप्रति सद्भाव र माया दर्शाएर पुग्दैन ।**

**जन्म र कर्म दिने बुवा आमालाई वर्षमा एक/दुई दिन सम्झिएर हुँदैन । अझ अहिले त वर्षभरी वास्ता नगर्ने जब आमा, बुवाको मुख हेर्ने र दिवस आउँछन् तब सामाजिक सञ्जालका भित्ताहरूमा बुवा आमाका तस्वीरहरु सजाएर राख्ने प्रवृत्तिको विकास भएको छ जुन गलत हो । आजको तीव्र आधुनिकीकरण, व्यस्त जीवनशैली र बढ्दो व्यक्तिवादका कारण पारिवारिक सम्बन्धहरूमा दूरी बढ्दै गएको देखिन्छ । कतिपय वृद्ध बुवाआमाहरू आफ्नै सन्तानबाट अपेक्षित साथ र सम्मान पाउन नसकी एक्लोपनको पीडा भोग्न बाध्य छन् । आर्थिक समृद्धि र प्रविधिको विकासले जीवन सहज बनाए पनि पारिवारिक आत्मीयता र भावनात्मक सम्बन्ध कमजोर हुने चिन्ता बढेको छ । यस्तो अवस्थामा विश्व बुवाआमा दिवसको सान्दर्भिकता अझ बढी महसुस हुन्छ । बुवा र आमा केवल जन्मदाता मात्र होइनन् ! उनीहरू सन्तानका प्रेरणास्रोत, मार्गदर्शक र जीवनका सबैभन्दा विश्वसनीय साथी पनि हुन् । उनीहरूले आफ्ना इच्छा र आवश्यकताभन्दा सन्तानको भविष्यलाई प्राथमिकता दिँदै जीवनभर संघर्ष गर्छन् । त्यसैले उनीहरूप्रति सम्मान, सेवा र माया देखाउनु कुनै एक दिनको औपचारिकता नभई प्रत्येक सन्तानको नैतिक कर्तव्य हो । बुवाआमा हाम्रो अस्तित्वका आधार हुन् । उनीहरूको त्याग र योगदानको उचित सम्मान गर्दै बुढेसकालमा आवश्यक साथ, सहयोग र सम्मान प्रदान गर्नु प्रत्येक सन्तानको दायित्व हो । परिवारभित्र पारस्परिक माया, सम्मान र जिम्मेवारीको भावना बलियो बनाउन सके मात्र सभ्य र मानवीय समाजको निर्माण सम्भव हुन्छ । त्यसैले आजको आवश्यकता भनेकै–"बुवाआमाप्रतिको जिम्मेवारी निभाऔँ, उनीहरूको सम्मान गरौँ र सुखद जीवनको आधार बनाऔँ ।"**

## Opinion @ Social Network

जल्नु नै छ भने मन्दिरको धुप जस्तै जल
थाहा पाउनेले पनि भनुन, कस्तो मिठो सुगन्ध फैलिएको ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेतृत्वले नबुझेको राष्ट्र र राज्य निर्माणको अन्तर



**गणेश अम्गाई**

आम मानिस र नीति निर्माण तहमा बस्ने शासकहरूमा राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको आधारभूत भिन्नताबारे ठूलो अन्योल पाइन्छ । राजनीतिशास्त्र र समाजशास्त्रको दृष्टिकोणमा यी अवधारणाहरू पूर्णत: फरक र विशिष्ट छन् । राज्य एक कानूनी, राजनीतिक र मूर्त प्रशासनिक सङ्गठन हो, जसका लागि निश्चित भूगोल, जनसङ्ख्या, सरकार र सार्वभौमसत्ता अनिवार्य चाहिन्छ । यसको विपरीत, राष्ट्र एउटा अमूर्त, सांस्कृतिक र मनोवैज्ञानिक एकता हो, जहाँ मानिसहरू साझा इतिहास, भाषा, रहनसहन र 'हामी एक हौं' भन्ने भावनात्मक भावनाद्वारा बाँधिएका हुन्छन् । अर्कोतर्फ, राज्य निर्माणले कर्मचारीतन्त्र, सेना, प्रहरी र कानूनी ढाँचा जस्ता भौतिक एवं शासकीय संरचनाको विकास अर्थात् प्राविधिक पक्षलाई बुझाउँछ । यसको ठीक विपरीत, राष्ट्र निर्माणले ती संस्थाहरूभित्र बस्ने विविध समुदायका नागरिकहरूमा साझा पहिचान, देशभक्ति र राज्यप्रतिको अपनत्व अर्थात् भावनात्मक प्राण भर्ने काम गर्छ । नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक मुलुकमा राज्यका संस्थाहरूलाई सुदृढ र जनमुखी बनाउनु जति आवश्यक छ, त्यत्तिकै मात्रामा सबै नागरिकलाई समान सम्मान र न्याय दिएर एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्नु पनि उत्तिकै अनिवार्य छ ।

**राज्य र राष्ट्रको अन्तर**

राज्य र राष्ट्र राजनीतिशास्त्रका दुई आधारभूत स्तम्भ हुन्, जसको भिन्नता बुझ्नु शासन व्यवस्था र समाजको सम्बन्ध केलाउनका लागि अपरिहार्य छ । राज्य मुख्यतया एक कानूनी र राजनीतिक संस्था हो, जसको अस्तित्व स्पष्ट रूपमा देख्न र महसुस गर्न सकिन्छ । कुनै पनि एकाइलाई राज्यका रूपमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि निश्चित भौगोलिक सिमाना, त्यहाँ स्थायी रूपमा बसोबास गर्ने जनसङ्ख्या, शासन सञ्चालन गर्ने वैधानिक सरकार र आन्तरिक तथा बाह्य निर्णयहरू स्वतन्त्र रूपमा गर्न सक्ने सर्वोच्च अधिकार अर्थात् सार्वभौमसत्ता हुनैपर्छ । राज्यसँग आफ्ना कानूनहरू पालना गराउन र उल्लैन गर्नेलाई दण्ड दिनका लागि वैधानिक बल प्रयोग गर्ने मूर्त अङ्गहरू सुरक्षित रहन्छन् । विडम्बना, नेपाली राजनीतिज्ञले राज्यको यो वैधानिक शक्तिलाई जनहितमा लगाउनुको सट्टा अक्सर आफ्ना आसेपासे पाल्ने र सत्ता जोगाउने हतियार मात्र बनाएका छन् । यसको ठीक विपरीत, राष्ट्र कुनै भौतिक वा कानूनी संस्था नभएर मानिसहरूको मन र मस्तिष्कमा बस्ने एउटा अमूर्त सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक अनुभूति हो । राष्ट्रलाई एउटा काल्पनिक समुदायका रूपमा पनि परिभाषित गर्ने गरिन्छ, जहाँ नागरिकहरू भौगोलिक रूपमा टाढा रहेर एकअर्कालाई प्रत्यक्ष नचिने वा नभेटे पनि एउटै अदृश्य भावनात्मक धागोमा बाँधिएका हुन्छन् । राष्ट्र बन्नका लागि कुनै निश्चित भौगोलिक सिमाना, सरकार वा कानूनी प्रमाणपत्रको ग्यारेन्टी आवश्यक पर्दैन । यसका मुख्य आधारहरूमा साझा ऐतिहासिक अनुभव, साझा संस्कृति, भाषा, परम्परा र सबैभन्दा महत्त्वपूर्ण कुरा 'हाम्रो सुख-दु:ख साझा छ' भन्ने आन्तरिक मनोविज्ञान हुन् । तर, हाम्रा शासकहरूले यस अमूर्त भावनालाई चुनावी मञ्चमा मात्र सीमित गरेर नागरिकहरू बीचको वास्तविक आपसी सहिष्णुतालाई समेत सस्तो प्रचारबाजीको विषय बनाएका छन् । नेपाल यसको उत्कृष्ट उदाहरण हो, जहाँ एउटै राज्य संरचना र एउटै संविधानभित्र १२५ भन्दा बढी जातजाति र बहुभाषिक पहिचान भएका सांस्कृतिक समूह आपसी सहअस्तित्व र सम्मानका साथ ऐतिहासिक कालदेखि बसोबास गर्दै आएका छन् । कहिलेकाहीं यसको विपरीत अवस्था अर्थात् एउटै राष्ट्र विभिन्न राज्यहरूमा विभाजित भएको पनि देख्न सकिन्छ, जस्तै: उत्तर र दक्षिणकोरिया । मानिसहरूको भाषा, संस्कृति र रगत एउटै भए पनि उनीहरू फरक-फरक राजनीतिक र कानूनी राज्य संरचनाको नियमभित्र बस्न बाध्य छन् । त्यसैले, राज्यले व्यक्तिलाई नागरिकको कानूनी दर्जा दिन्छ भने राष्ट्रले व्यक्तिलाई आत्मीय पहिचान प्रदान गर्छ । नेपालमा भने यही विविधतालाई एकताको सूत्रमा गाँस्नुको सट्टा राजनीतिक दलहरूले आफ्नो भोट बैङ्क सुरक्षित गर्नका लागि जातीय र क्षेत्रीय भावना भड्काउने खेल खेलिरहेका देखिन्छन् ।

**राज्य निर्माणको संरचनागत र शासकीय ढाँचा**

राज्य निर्माण मुख्यतया संस्थागत विकास, प्रशासनिक सक्षमता र भौतिक संरचनाको सुदृढीकरणसँग सम्बन्धित एक बहुआयामिक एवं प्राविधिक प्रक्रिया हो । राजनीतिक दृष्टिकोणमा, यो राज्यको वैधानिक शक्तिलाई संस्थागत गर्ने कार्य हो, जसले राज्यलाई एउटा अमूर्त अवधारणाबाट मूर्त र कार्यशील संयन्त्रमा रूपान्तरण गर्छ । स्थापित सिद्धान्त अनुसार, राज्य निर्माणको प्राथमिक र अनिवार्य आधार भनेको निश्चित भौगोलिक क्षेत्रभित्र 'भौतिक हिंसाको वैधानिक प्रयोगमा एकाधिकार कायम गर्नु' हो । यसको अर्थ सेना, प्रहरी र गुप्तचर जस्ता सुरक्षा संरचनालाई सुदृढ गरी राज्यबाहेक अन्य कुनै पनि समूह वा व्यक्तिलाई बल प्रयोग गर्ने वा कानून हातमा लिने अधिकार कटौती गर्नु र नागरिकको जीउधनको पूर्ण रक्षा गर्नु हो । हाम्रो सन्दर्भमा भने, दलका कार्यकर्ताले कानून हातमा लिंदा समेत राज्य लाचार बनेर मूकदर्शक बन्नु नै ठूलो बेथिति भएको छ । यस प्रक्रियाले राज्यको भौतिक आधार अर्थात् कर्मचारीतन्त्रको कुशलता, निष्पक्ष कानूनी सङ्केतीकरण, कर सङ्कलन प्रणाली र भौतिक पूर्वाधारको सबलीकरणमा जोड दिन्छ । राज्य निर्माणको मुख्य इन्धन वित्तीय क्षमता होह आफ्नै आन्तरिक स्रोतबाट कर सङ्कलन गर्ने र त्यसलाई पारदर्शी रूपमा खर्च गर्ने क्षमता नभएको राज्य सधैं परनिर्भर रहन्छ । त्यसैले, एउटा बलियो र सक्षम राजस्व प्रशासन खडा गर्नु, करको दायरा विस्तार गर्नु र सङ्कलित रकमलाई विना ढिलासुस्ती सेवा प्रवाहमा रूपान्तरण गर्न सक्ने व्यावसायिक कर्मचारीतन्त्रको विकास गर्नु नै राज्य निर्माणको वास्तविक सफलता हो । राज्यका प्रमुख अङ्गहरू– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संस्थागत क्षमता बढाउनु यसको मूल ध्येय हो । तर नेपालमा कर सङ्कलन प्रणाली सर्वसाधारणलाई चुस्ने र ठूला तस्करहरूलाई उन्मुक्ति दिने माध्यम बनेकाले वित्तीय क्षमता सधैं वैदेशिक ऋणको भारमुनि थिचिएको छ । वर्तमान सौर्य लोकतान्त्रिक गणतन्त्रमा सिंहदरबारमा सीमित वैधानिक शक्तिलाई सात प्रदेश र ७५३ स्थानीय तहमा विस्तार गरिएकाले अहिले राज्य निर्माणको प्रक्रिया तलबाट माथि मोडिएको छ । यद्यपि, स्थायी संरचनाहरूमा दलीय राजनीतीकरण हावी हुनु, योग्यता प्रणालीको अभाव हुनु, उच्च तहमा नीतिगत भ्रष्टाचार संस्थागत हुनु र तीव्र गतिमा दक्ष जनशक्तिको विदेश पलायन हुनु राज्य निर्माणका प्रमुख चुनौती हुन्, जसले राज्यको संस्थागत साख र सेवा प्रवाह क्षमतालाई गम्भीर रूपमा कमजोर बनाएका छन् । अधिकार गाउँमा पुग्ने भनिए पनि व्यवहारमा भ्रष्टाचार र बेथिति मात्र गाउँगाउँमा विकेन्द्रीकृत भएको छ, जसले गर्दा लाचार राज्य आफ्नै बोझले थिचिएको महसुस हुन्छ ।

**राष्ट्र निर्माणको भावनात्मक र समावेशी एकता**

राष्ट्र निर्माण भनेको राज्य निर्माण जस्तो भौतिक वा प्राविधिक कार्य नभएर मानिसहरूको मन, भावना, चेतना र दृष्टिकोणलाई एकापसमा जोड्ने एक अमूर्त, जैविक र दीर्घकालीन प्रक्रिया हो। यसको मूल उद्देश्य राज्यको भौगोलिक सीमाभित्र बसोबास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीय पहिचान भएका मानिसहरूमा 'हामी सबै यसै देशका समान नागरिक हौं र हाम्रो भविष्य साझा छ' भन्ने सामूहिक राष्ट्रिय पहिचान र देशभक्तिको भावना जागृत गराउनु हो । राष्ट्र निर्माणले राज्यका भौतिक संस्थाहरूभित्र बस्ने नागरिकहरूमा सामाजिक पूँजी, पारस्परिक सद्भाव, आपसी विश्वास र राज्यप्रतिको अटुट अपनत्व विकास गर्ने काम गर्छ । यो समाजभित्रैबाट स्वत:स्फूर्त रूपमा पुस्तौं लगाएर विकास हुने भावनात्मक एकता हो । यद्यपि, नेपालका मञ्चहरूमा राष्ट्रिय एकताका ठूला गफ हाँक्ने नेताहरूले भित्रभित्रै नागरिकको मन दुखाएर समाजलाई भावनात्मक रूपमा टुक्रा-टुक्रा पारिरहेका छन् । राष्ट्र निर्माणका सूचकहरू अमूर्त र अदृश्य हुन्छन्, जसलाई कुनै भौतिक मापदण्ड वा भवनको सङ्ख्या हेरेर नाप्न सकिंदैन । अन्तर्राष्ट्रिय खेलकुद मैदानमा राष्ट्रिय टोली वा झन्डा देख्दा नागरिकको आँखामा आउने गर्वको आँसु, महाविपत्ति वा भूकम्पका बेला जात, धर्म र क्षेत्र नभनी एकापसमा गरिने नि:स्वार्थ सहयोग र राष्ट्रिय सङ्कटका बेला स्वत:स्फूर्त रूपमा प्रदर्शन हुने अभूतपूर्व एकता नै राष्ट्र निर्माण बलियो भएको वास्तविक प्रमाणहरू हुन् । राष्ट्र निर्माणको सफल यात्रामा राज्यले आफ्ना सबै नागरिकलाई न्याय, समानता र पहिचानको प्रत्याभूति दिनुपर्छ । जब राज्यका नीतिहरू समावेशी र समतामूलक हुन्छन्, तब मात्र सीमान्तकृत र अल्पसङ्ख्यक समुदायहरूमा पनि 'यो राज्य मेरो हो' भन्ने भावना दृढ बन्छ । तर, जब आमजनता अस्पतालमा बेड नपाएर छट्पटिन्छन् र नेताहरू विदेशी अस्पतालमा सरकारी खर्चमा उपचार गराउँछन्, तब राष्ट्र निर्माणको त्यो भावनात्मक धागो नराम्रोसँग चुँडिन्छ । विगतमा अपनाएको एउटै भाषा र एउटै भेषको केन्द्रीकृत एकरूपताको नीतिले नेपालको बहुसांस्कृतिक यथार्थलाई पूर्ण रूपमा समेट्न सकेको थिएन, जसले गर्दा विभिन्न समयमा पहिचान र अधिकारका आन्दोलनहरू भए। वर्तमान सैंघीय लोकतान्त्रिक गणतन्त्रमा राष्ट्र निर्माणको अर्थ सबै विविधतालाई सम्पत्ति मानेर सबै जातजाति र भाषालाई राज्यको मूलधारमा समान सम्मान, समान अवसर र न्यायोचित प्रतिनिधित्व दिनु हो । नेपाल जस्तो विविधतायुक्त मुलुकमा नागरिक राष्ट्रवादमा आधारित समावेशी र न्यायपूर्ण राष्ट्र निर्माणको कार्यदिशा अपनाएर मात्र सबै नागरिकलाई एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्न सम्भव हुन्छ । तर विडम्बना, नयाँ व्यवस्थामा पनि समावेशिता नेताका नातागोता र चाटुकारहरूलाई सरकारी पद बाँड्ने लाइसेन्स जस्तो मात्र बन्न पुगेको छ ।

**निष्कर्ष**

राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको समग्र बहसबाट के स्पष्ट हुन्छ भने, कुनै पनि मुलुकको स्थायित्व र समृद्धिका लागि भौतिक संरचना जति बलियो हुनुपर्छ, त्यसभित्र बस्ने नागरिकको भावनात्मक एकता पनि त्यत्तिकै प्रगाढ हुन अनिवार्य छ । बलिया र निष्पक्ष संस्थाहरू विनाको राष्ट्रिय भावना दिशाहीन हुन सक्छ भने, नागरिक अपनत्व र देशभक्ति विनाका बलिया शासकीय संस्थाहरू निरङ्कुश र दमनकारी संयन्त्रमा परिणत हुन सक्छन् । नेपाल हाल एक महत्त्वपूर्ण ऐतिहासिक सङ्क्रमणकाल र मिश्रित अभ्यासबाट गुज्रिरहेको छ । हामीले सैंयता मार्फत समावेशी र लोककल्याणकारी राज्यको लक्ष्य संविधानमा निर्धारण गरिसकेका छौं । अबको वास्तविक आवश्यकता भनेको राज्यका स्थायी स्तम्भहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी योग्यता प्रणालीमा आधारित बनाउनु र शासकहरूमा राज्य र राष्ट्रको स्पष्ट चेत खुलाउनु हो । सुशासन मार्फत नागरिकको जीवनस्तर उकास्दै र देशको सांस्कृतिक विविधतालाई राष्ट्रिय पूँजीका रूपमा कदर गर्दै अघि बढेमा मात्र देशको साझा राष्ट्रिय सङ्कल्प पूरा भई एउटा न्यायपूर्ण र सुदृढ राष्ट्र-राज्यको निर्माण सम्भव हुनेछ । जबसम्म नेताहरूले कुर्सीको मोह त्यागेर देशको भूगोल र जनतालाई केन्द्रमा राख्दैनन्, तबसम्म हाम्रो राष्ट्रवाद भाषणमा मात्र बहकिरहनेछ र राज्य सधैं लाचार बनिरहनेछ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०११९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१५५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७७६५
रामपुर टेइन्सी:९८५७०६२२४७,९८५७०६७५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक वा राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। आध्यात्मिक कार्यमा रुचि बढ्नेछ। | **तुला** : साहस र पराक्रममा वृद्धि हुनेछ। व्यापार बढ्नाले आयस्रोत सबल रहनेछ। |
| **वृष** : अम्दानीका स्रोतहरू बढ्नेछन्। चाहना पूरा गर्नलाई धन खर्च हुनेछ। | **वृश्चिक** : धार्मिक यात्राको लागि योजना बन्नेछ। अलि दु:ख दिन सक्छन्। |
| **मिथुन** : शेयर मार्केटबाट मनग्य लाभ मिल्नेछ। मित्रता र प्रेम सम्बन्ध कसिनेछ। | **धनु** : सन्तानको सफलताले मन प्रसन्न रहनेछ।व्यवसायको सुरुवात गर्न सक्नुहुनेछ। |
| **कर्कट** : व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। बहुमूल्य वस्तु संग्रह गर्ने योग छ। | **मकर** : शत्रुपक्ष पराजित हुनेछन्। नयाँ उपलब्धिहरूले हौसला जगाउनेछ। |
| **सिंह** : विद्याको क्षेत्रमा शिक्षकको सहयोग मिल्नेछ। स्वास्थ्य अनुकूल रहनेछ। | **कुम्भ** : नयाँ कुरा सिक्ने अवसर रहेको छ। अप्ठ्यारा परिस्थितिमा सहयोग मिल्नेछ। |
| **कन्या** : यात्राको अवसर मिल्नेछ। कार्यक्षेत्रमा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। | **मीन** : नयाँ परिबन्ध स्थापित गर्न सकिनेछ। सुन्दर उपहारले मन रमाउनेछ। |

# शिक्षा

## छात्रवृत्तिका लागि २६ हजार बढी परीक्षार्थी सहभागी हुन योग्य




काठमाडौँ महानगरपालिकामा कक्षा ११ र १२ मा सिफारिस गर्ने छात्रवृत्ति परीक्षाका लागि २६ हजार ६८० परीक्षार्थी सहभागी हुन योग्य भएका छन् । आवेदक २६ हजार ८ सय ८८ विद्यार्थीमध्ये २०८ जनाको फाराम अस्वीकृत भएको कामपाले जनाएको छ । शिक्षा अधिकृत एवं परीक्षा समितिका सदस्यसचिव रामचन्द्र खड्काका अनुसार विद्यार्थीले जुन प्रणालीबाट आवेदन दिएका थिए । त्यही प्रणालीबाट प्रवेश पत्र प्राप्त गर्न सक्नेछन् । प्रवेश पत्रमा परीक्षा केन्द्र र परीक्षार्थीले पालना गर्नुपर्ने दायित्व उल्लेख छन् । खड्काले भने, “प्रवेश पत्र रङ्गिन प्रिन्ट भएको हुनुपर्नेछ”, रङ्गिन प्रिन्ट गर्नु पर्नाको कारण बुझाउँदै उनी भन्छन्, “छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीका नाममा अरूले परीक्षा दिन नपाउन भन्नका लागि प्रवेश पत्र रङ्गिन प्रिन्ट गर्ने गरेका हौं ।” कामपाले २०८० सालदेखि नीतिगत निर्णय गरेर कामपा क्षेत्रभित्र भएका ११ र १२ कक्षा सञ्चालन हुने विद्यालयमा छात्रवृत्ति प्रदान गर्न परीक्षा सञ्चालन थालेको हो । यस वर्ष संस्थागत शिक्षण संस्थाहरूमा कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्नका लागि यही जेठ १७ गते छात्रवृत्ति छनोट परीक्षा सञ्चालन हुनेछ । परीक्षार्थीहरूले कामपाको आधिकारिक पोर्टल ‘इन्ट्रान्स डट काठमाडौँ डट जीओभी डट एनपी’मा लगइन गरेर प्रवेश पत्र डाउनलोड गर्न सक्नेछन् । साइटमा लगइन गर्न एसइईको सिम्बोल नम्बरलाई युजरनेम लेखिएको ठाउँमा प्रविष्ट गराउनुपर्छ । यसपछि जन्म मिति र इमेल वा म्यासेजमार्फत प्राप्त भएको पासवर्ड राखेपछि पेज खुल्छ । प्रवेश पत्र अनिवार्य रूपमा रङ्गिन प्रिन्ट गर्नुपर्छ । ब्ल्याकएन्डह्वाइट प्रिन्ट गरिएको वा स्पष्ट फोटो र विवरण नभएको प्रवेश पत्रलाई मान्यता दिइने छैन । परीक्षा केन्द्रमा आउँदा प्रवेश पत्रका साथै फोटोसहितको परिचय खुल्ने आधिकारिक कागजात (एसइई प्रवेश पत्र, विद्यालयको आइडी कार्ड वा नागरिकताको प्रमाणपत्र) अनिवार्य रूपमा साथमा लिई उपस्थित हुनुपर्नेछ । प्रवेश पत्रको पछाडिपट्टि उल्लेख गरिएका परीक्षासम्बन्धी नियम तथा आचारसंहिता परीक्षार्थीले अनिवार्य रूपमा पालना गर्नुपर्छ । नियमको उल्लैन भएमा परीक्षा रद्द गरिनुका साथै कानुनबमोजिम कारबाही गरिनेछ । परीक्षा सञ्चालनका लागि शिक्षा विभागले केन्द्राध्यक्षहरूका लागि अभिमुखीकरण सम्पन्न गरिसकेको छ । स्वच्छ, निष्पक्ष परीक्षा सञ्चालन होस्, परीक्षालाई विद्यार्थीले जटिल प्रक्रियाका रूपमा महसुस नगरुन् भनेर विद्यार्थीलाई त्रास उत्पन्न नगराउन र जानेको कुरामा निर्बाध उत्तर दिनका लागि सहजीकरण गर्न निर्देशन दिइएको छ । शिक्षा अधिकारी नमराज ढकालका अनुसार कक्षा १० सम्मको छात्रवृत्ति प्रदान गर्न वडास्तरीय समितिले सिफारिस गर्छ । कक्षा ११ र १२ को छात्रवृत्ति कोटाका लागि भने शिक्षा विभागले परीक्षा सञ्चालन गरेर नतिजाका आधारमा सिफारिस गर्छ । *-रासस*

## शिक्षक र कर्मचारीका लागि तीन नयाँ तालिम पाठ्यक्रम स्वीकृत




शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलको अध्यक्षतामा शैक्षिक जनशक्ति विकास परिषद्को २९औं बैठक बुधबार सम्पन्न भएको छ । बैठकले शैक्षिक क्षेत्रको गुणात्मक सुधार र प्रशासनिक सक्षमता अभिवृद्धिका लागि तीन वटा महत्त्वपूर्ण नयाँ सेवाकालीन तालिम पाठ्यक्रमहरू स्वीकृत गरेको छ । परिषद्को बैठकले ‘शिक्षक प्रशिक्षक तालिम पाठ्यक्रम, २०८३’, ‘प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम पाठ्यक्रम, २०८३’ र ‘राजपत्राद्रित नेपाल शिक्षा सेवाका द्वितीय श्रेणी, तृतीय श्रेणी तथा प्राविधिक सहायक कर्मचारीहरूको सेवाकालीन तालिम पाठ्यक्रम, २०८३’ स्वीकृत गरेको हो । शिक्षा नियमावली २०५९ को नियम ७२ बमोजिम स्थापित यस परिषद्ले शिक्षक, मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूको कार्यदक्षता विकास, नीति निर्माण र व्यवस्थापनका क्षेत्रमा काम गर्दै आएको छ । मन्त्रालयका अनुसार, स्वीकृत नयाँ शिक्षक प्रशिक्षक तालिम पाठ्यक्रमको कार्यान्वयनबाट प्रशिक्षकहरूको क्षमता विकास भई शिक्षकको पेसागत विकासका लागि सञ्चालन गरिने तालिमहरू थप प्रभावकारी हुने अपेक्षा गरिएको छ । त्यसैगरी, प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम पाठ्यक्रमले विद्यालय शिक्षामा कुशल शैक्षिक नेतृत्वको विकास गर्ने र विद्यालयको समग्र प्राज्ञिक तथा प्रशासनिक पक्षको गुणस्तर अभिवृद्धिमा ठोस सहयोग पुऱ्याउने विश्वास लिइएको छ । परिषद् बैठकले शिक्षा सेवाका राजपत्राद्रित द्वितीय श्रेणी, तृतीय श्रेणी र प्राविधिक सहायक कर्मचारीहरूका लागि स्वीकृत गरेको सेवाकालीन पाठ्यक्रमले सैीयताको मर्म अनुरूप तिनै तहका राष्ट्रसेवक कर्मचारीहरूको क्षमता विकास गर्ने लक्ष्य राखेको छ । यसबाट जनमुखी सेवा प्रवाह सुदृढ हुनुका साथै विभिन्न शैक्षिक कार्यक्रमहरूको परिणाममुखी कार्यान्वयनमा मद्दत पुग्ने अपेक्षा मन्त्रालयले गरेको छ ।

*-हाम्रा कुरा डटकम*

## रूपान्तरणको पर्खाइमा शिक्षा



नेपालको शिक्षा प्रणालीले बाटो बिराएको धेरै भइसक्यो । हरेक वर्ष जब एसइईको नतिजा सार्वजनिक हुन्छ, तब हामी केही प्रतिशत सुधार वा गिरावटको गणितमा अल्झिन्छौं । तर वास्तविकता के हो भने, हाम्रा विद्यालयहरूले सिकाइको साटो अंकको खेती गरिरहेका छन् । शिक्षा जीवन जिउने कला सिकाउने माध्यम हुनुपर्ने थियो, तर यो त प्रमाणपत्र बाँड्ने र युवाहरूलाई बेरोजगारको पंक्तिमा उभ्याउने कारखानामा परिणत भएको छ । आजको हाम्रो शिक्षा प्रणालीले न त विद्यार्थीलाई जीवन जिउने व्यावहारिक कला सिकाएको छ, न उनीहरूलाई कुनै जीवनोपयोगी सीप नै दिन सकेको छ । हामीले हाम्रा बालबालिकालाई कस्तो भविष्य दिँदै छौं भन्ने प्रश्नले मलाई सधैं झस्काउने गर्छ । देशको नीति निर्माण तहमा बस्नेहरूले शिक्षालाई प्राथमिकता दिएको भाषण त गर्छन्, तर व्यवहारमा त्यो पटक्कै देखिँदैन । बजेटमा शिक्षाको हिस्सा खुम्चिँदै गएको छ र भएका स्रोतसाधनको सही सदुपयोग हुन सकेको छैन । समाजको तल्लो तहसम्म पुगेर हेर्ने हो भने शिक्षाले अझै वर्गीय खाडल पुर्न सकेको छैन, बरू यसलाई झन् फराकिलो बनाइरहेको छ । हुनेखाने वर्गका छोराछोरीले महँगा विद्यालयमा पढेर राम्रो अंक ल्याउँछन्, तर हुँदाखाने वर्गका सन्तानले जतिसुकै मिहिनेत गरे पनि उपयुक्त वातावरण नपाउँदा पछि पर्नुपरेको छ । शिक्षाले त समानता ल्याउनुपर्ने थियो, तर हाम्रो शिक्षाले असमानताको बिउ रोपिरहेको छ । जबसम्म हामीले विभेदपूर्ण अवस्थाको अन्त्य गर्दैनौं, तबसम्म समृद्ध नेपालको सपना देख्नु निरर्थक हुनेछ । शिक्षामा आमूल परिवर्तन नल्याई देशको कुनै क्षेत्रले प्रगति गर्न सक्दैन भन्ने यथार्थलाई सबैले आत्मसात् गर्नैपर्छ ।

**अर्थतन्त्र र शिक्षाको सम्बन्ध**

हामीले समग्र शैक्षिक नतिजालाई ध्यान दिएर हेऱ्यौं भने देशको वास्तविक अवस्था छर्लंग हुन्छ । खासगरी कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशका विद्यार्थीहरूले परीक्षामा किन सधैं कमजोर नतिजा ल्याउँछन् भन्ने कुरा बुझ्न धेरै ठूलो अनुसन्धान गरिरहनु पर्दैन । यसको सम्बन्ध त्यहाँको गरिबी, अभाव र सुस्त आर्थिक गतिविधिसँग जोडिएको छ । जुन ठाउँका नागरिकले बिहान- बेलुकाको हातमुख जोड्न दिनरात कठोर संघर्ष गर्नुपर्छ, त्यहाँका बालबालिकाले उपयुक्त वातावरणमा पढ्न पाउने कुरै आउँदैन । आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाहरू पढाइलाई बीचमै छोडेर काममा लाग्न बाध्य छन् । उनीहरूका लागि विद्यालय जानुभन्दा आफ्नो परिवारको गर्जो टार्न सघाउनु ठूलो बाध्यता बनिदिन्छ । त्यसैले, शिक्षामा सुधार ल्याउने हो भने समाजको आर्थिक स्तर उकास्ने र स्वरोजगारका अवसर सिर्जना गर्नेतर्फ राज्यको ध्यान जानु नितान्त आवश्यक छ । आर्थिक विकास र शैक्षिक उन्नति एकअर्काका परिपूरक हुन् भन्ने बुझ्न जरुरी छ । जबसम्म परिवारको आम्दानीको स्रोत दिगो र भरपर्दो हुँदैन, तबसम्म अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा लगानी गर्न सक्दैनन् । हाम्रो राज्यले यो कुरालाई गम्भीरतापूर्वक लिएको देखिँदैन । एसइई वा अन्य कुनै परीक्षाको नतिजा कमजोर आउनुमा विद्यार्थीको वा शिक्षकको मात्र दोष हुँदैन । त्यहाँको समाज, त्यहाँको अर्थतन्त्र र राज्यले उनीहरूलाई दिएको अवसरले यसमा ठूलो भूमिका खेलेको हुन्छ । कमजोर आर्थिक अवस्था भएका प्रदेशहरूमा ठूला, मझौला तथा घरेलु उद्योग खोल्न जरुरी छ । मानिसहरूले आफ्नै गाउँठाउँमा रोजगारी पाए भने उनीहरूले आफ्ना बालबालिकालाई राम्रो विद्यालयमा पढाउन सक्छन् । उनीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्री सजिलै किनिदिन सक्छन् । शैक्षिक सुधारको कुरा गर्दा आर्थिक विकासको पाटोलाई कहिल्यै बिर्सनु हुँदैन । जबसम्म गरिबी र अभावको पूर्ण अन्त्य हुँदैन, तबसम्म देशको शिक्षा प्रणालीमा जादुमय सुधार आउँछ भनेर सोच्नु कल्पनामात्र हुनेछ । अहिले गाउँका धेरै युवाहरू कामको खोजीमा विदेशिएका छन् । घरमा बालबालिका र वृद्धवृद्धामात्र बाँकी छन् । अभिभावकको स्नेह, उचित मार्गदर्शन नपाउँदा धेरै बालबालिका पढाइबाट तर्किने गरेका छन् । आर्थिक विपन्नताले उनीहरूको बालसुलभ चञ्चलतालाई खोसेर मानसिक तनाव दिएको छ । यस्तो परिवेशमा हुर्केका विद्यार्थीलाई हामीले शहरका सुविधासम्पन्न विद्यालयमा पढेका विद्यार्थीसँग एउटै परीक्षाको तराजुमा राखेर जोख्नु कति न्यायोचित होला ? यो राज्यले आफ्नै नागरिकमाथि गरेको एक प्रकारको अन्याय हो । त्यसकारण, शिक्षाको बजेट बढाउनुका साथै विपन्न परिवारलाई प्रत्यक्ष लाभ हुने गरी आर्थिक सहायताका कार्यक्रम सँगसँगै अगाडि बढाउनुपर्छ । आर्थिक रूपमा सबल परिवारले मात्र आफ्ना बालबालिकालाई ढुक्कसँग पढाउन सक्छ भन्ने कुरा विश्वव्यापी रूपमै प्रमाणित भइसकेको तथ्य हो ।

**अव्यावहारिक मूल्यांकन**

हाम्रो मूल्यांकन पद्धतिको त्रुटि झनै निराशाजनक छ । एउटा विद्यार्थीले वर्षभरि कक्षाकोठामा के कुरा सिक्यो, उसले कस्तो राम्रो बानीको विकास गऱ्यो, साथीभाइसँग कसरी मिल्यो र समाजमा कसरी घुलमिल भयो भन्ने कुराको अहिलेको शिक्षा प्रणालीमा कुनै महत्त्व छैन । अन्तिम परीक्षाको त्यो तीन घण्टामा उसले कति कुरा घोकेर कापीमा लेख्न सक्यो, त्यसैका आधारमा मात्र उसको सिंगो भविष्यको फैसला गरिन्छ । यो कस्तो न्याय हो ? यो कस्तो मूल्यांकन प्रणाली हो ? भर्खरै लागू गरिएको नयाँ मूल्यांकन प्रणाली र लेटर ग्रेडिङको व्यवस्थाले विद्यार्थीको मनोवैज्ञानिक पाटोलाई बुझ्न सकेको छैन । कुनै एउटा विषयमा कमजोर हुँदैमा विद्यार्थीलाई माथिल्लो कक्षा पढ्न नदिने र उसलाई जीवनमै असफल भएको छाप लगाइदिने काम राज्यले गरिरहेको छ । यसले गर्दा विद्यार्थीहरूमा निराशा बढेको छ । कतिपय विद्यार्थी परीक्षामा असफल भएकाले आफ्नो ज्यानसम्म फाल्ने गरेका दु:खद् घटना पनि सुन्दै र भोग्दै आएका छौं । अन्तर्राष्ट्रिय अभ्यासमा ‘क्रेडिट आवर’ को अवधारणालाई निकै वैज्ञानिक र व्यावहारिक मानिन्छ । कुनै विद्यार्थीले एउटा विषयमा निश्चित समय पढेपछि त्यो क्रेडिट उसको खातामा जम्मा हुन्छ । यदि ऊ कुनै कारणले परीक्षामा सामेल हुन सकेन वा थोरै अंक ल्यायो भने उसको त्यो समय खेर जाँदैन । तर हाम्रो देशमा वर्षभरि पढेर पनि अन्तिम परीक्षामा थोरै अंक ल्याएमा त्यो वर्षभरिको सबै मिहिनेतलाई शून्य मानिन्छ । यस्तो अवैज्ञानिक पद्धतिले विद्यार्थीलाई सधैं त्रसितमात्र बनाउँछ । एउटा विषयमा असफल हुँदैमा विद्यार्थीको सम्पूर्ण क्षमता सकिँदैन । गणितमा कमजोर हुने विद्यार्थी साहित्य, कला वा खेलकुदमा असाध्यै अब्बल हुनसक्छ । तर हाम्रो प्रणालीले सबैलाई एउटै तराजुमा राखेर जोख्ने गल्ती गरिरहेको छ । यसलाई तत्काल सच्याउनुपर्छ । परीक्षा भनेको विद्यार्थीलाई तर्साउने हतियार नभई उनीहरूले कहाँनेर सुधार्नु पर्छ भनेर बाटो देखाउने एउटा ऐना हुनुपर्छ । हामीले तीन घण्टे लिखित परीक्षाको साटो विद्यार्थीको दैनिक काम, उसको रुचि, उसको सिर्जनात्मक क्षमता र उसले गर्ने व्यावहारिक कामको आधारमा अंक दिने निरन्तर मूल्यांकन प्रणालीलाई इमानदारीपूर्वक लागू गर्नुपर्छ । निरन्तर मूल्यांकनको अर्थ शिक्षकले विद्यार्थीलाई दैनिक रूपमा नजिकबाट नियाल्नु हो । उसले समाजमा कसरी अन्तर्क्रिया गर्छ, दिइएको परियोजनालाई कसरी पूरा गर्छ र आफ्नो ज्ञानलाई व्यावहारिक रूपमा कसरी उतार्छ भन्ने कुराको लेखाजोखा हुनुपर्छ । अहिले कस्तो अवस्था छ भने, विद्यार्थीले प्रयोगात्मक परीक्षामा पूरै अंक पाउँछ तर लिखितमा थोरै अंक ल्याउँदा ऊ फेल हुन्छ । प्रयोगात्मक सीप भनेको झन् महत्त्वपूर्ण हो । हातले काम गर्नसक्ने, सीप भएको मान्छेलाई कागजमा लेख्न आएन भन्दैमा अयोग्य साबित गर्नु परीक्षा प्रणालीको सबैभन्दा ठूलो असफलता हो । यसले समाजमा श्रमको सम्मान गर्न सिकाएको छैन, सेतो कमिज लगाउने हाकिम बन्ने सपनामात्र बाँडेको छ । जबसम्म हामीले श्रम र सीपलाई शिक्षाको मूल आधार बनाउँदैनौं, तबसम्म हाम्रो देशले प्राविधिक जनशक्ति उत्पादन गर्न सक्दैन । त्यसैले, यो अंकको दौडबाट विद्यार्थीलाई मुक्त गराएर आफ्नो रुचि अनुसारको क्षेत्रमा रमाएर सिक्ने वातावरण तयार गर्नु आजको प्रमुख आवश्यकता हो ।

**विभेदपूर्ण शिक्षाको अवस्था**

नीतिगत रूपमा हामीले धेरै ठूला र राम्रा कुरा गरेका छौं । हाम्रो संविधानले नै शिक्षालाई मौलिक हक मानेको छ र नि:शुल्क शिक्षाको पूर्ण ग्यारेन्टी गरेको छ । तर यथार्थ धरातलमा उभिएर हेर्ने हो भने अवस्था कमजोरे छ । हजारौं सामुदायिक विद्यालयहरूमा पढाउने विषयगत शिक्षक नै छैनन् । कतै विद्यार्थी धेरै र शिक्षक कम छन् भने कतै शिक्षक छन् तर विद्यार्थी छैनन् । वर्षौंदेखि आवश्यकता अनुसार शिक्षक दरबन्दी थपिएको छैन । नीति निर्माता, शिक्षक, अभिभावक र सम्पूर्ण समाजले शिक्षालाई साक्षरता अभियान वा प्रमाणपत्र बाँड्ने कामको रूपमा मात्र नहेरी, यसलाई सामाजिक न्याय, समानता र देशको सर्वांगीण विकासको मुख्य जगका रूपमा बुझ्न अत्यन्त जरुरी छ । सबै पक्षको इमानदार र साझा प्रयास भयो भनेमात्र नेपालको शिक्षा प्रणालीले सही आकार लिनेछ । अनिमात्र हाम्रा सन्ततिले स्वदेशमै रमाउने दिन आउनेछ । शिक्षाप्रतिको हाम्रो यो दायित्व पूरा गर्न अब हामी कसैले पनि पन्छिन मिल्दैन ।

*-इहिमालय टाइम्स डटकम*

# आज विश्व बुवाआमा दिवस मनाइँदै




**पाल्पा,** जेठ १७/आज विश्वभर विभिन्न कार्यक्रमका साथ विश्व बुवाआमा दिवस मनाइँदै छ । परिवार र समाजमा बुवा-आमाले पुऱ्याएको योगदानको सम्मान गर्दै यो दिवस मनाउने गरिन्छ । सन् २०१२ को संयुक्त राष्ट्र संघको महासभाले विश्वभरिका आमाबुवालाई केन्द्रित गर्दै हरेक वर्ष जुन १ लाई आमाबुवा दिवसका रूपमा मनाउने घोषणा गरे अनुरुप दिवस मनाउने गरिएको हो ।

दिवसको अवसरमा विभिन्न सामाजिक संस्था, विद्यालय तथा समुदायस्तरमा सम्मान कार्यक्रम, अन्तरक्रिया तथा सचेतनामूलक गतिविधिहरू आयोजना गरिएका छन् । यस दिन सन्तानहरूले आफ्ना बुवा-आमाप्रति कृतज्ञता व्यक्त गर्दै सम्मान र मायाको भावना प्रकट गर्ने चलन रहेको छ । विशेषज्ञहरूका अनुसार बुवा-आमा परिवारका आधारस्तम्भ हुन् । उनीहरूले सन्तानको पालनपोषण, शिक्षा, संस्कार तथा व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । बदलिँदो सामाजिक परिवेशमा ज्येष्ठ नागरिकको सम्मान, हेरचाह र संरक्षणलाई थप प्राथमिकता दिनुपर्ने आवश्यकता पनि दिवसले स्मरण गराउँछ । यस दिन विश्वभर रहेका सन्ततीहरुले आफुलाई जन्म दिने आमाबुबालाई विशेष सम्झने गर्छन् । आमाबुबा हुनेहरुलेसँगै बसेर आदर सम्मान प्रकट गर्छन् भने नहुनेहरुले मठमन्दिरमा पुगेर पूजा आजा गरी सम्झने गर्दछन् । आजको दिनमा आमाबुवा जीवित हुनेले मीठामीठा पक्वान्न तयार पारी खुवाउने, न्याना उपयोगी कपडाद्धारा सम्मान गर्ने, आमाबुवाको मुख दर्शन गर्ने र प्रणाम गर्ने चलन रहेको छ भने आमाबुवाहरुको देहावसान भइसकेकाहरूले चाहिँ पितृ मुक्तिको कामना गर्दै पितृ तर्पण वा दानदक्षिणा गर्ने गर्दछन् । परापूर्व कालदेखि नै मातृ देवो भव, पितृ देवो भव भन्ने नारालाई आत्मसाथ गर्दै आमा र बुवाको मुख हेर्ने दिनमा स्नेहपूर्वक रूपमा मनाउने सनातन दर्शनमा आमा र बुवालाई भगवान् सरह मान्यता दिइएको नै छ । चाहे जुनसुकै धर्म, दर्शन, संस्कार या जनावरहरू नै किन नहुन ? आमा बुवालाई पुज्ने चलन छ । विश्व बुवाआमा दिवसले पारिवारिक सम्बन्धलाई अझ सुदृढ बनाउन, पुस्ताबीचको सम्बन्धलाई मजबुत बनाउन तथा बुवा-आमाप्रति सम्मान र कृतज्ञताको भावना अभिवृद्धि गर्न प्रेरणा दिने विश्वास गरिएको छ ।

## ढाका उद्योगमार्फत...

...महिलालाई व्यावसायिक, स्वरोजगार र उद्यमी बनाउन पालिकाले सात वर्ष पहिलेदेखि सीप सिकाउने, तान प्रदान गर्ने, समूहको भवन निर्माण गरिदिने, उत्पादित खरिद गरी बिक्रीमा सहजीकरण गर्नेलगायत काम गर्दै आएको छ । "पालिकाले विभिन्न कार्यक्रम आयोजना गरिरहेको हुन्छ । ती कार्यक्रममा मायाको चिनो स्वरुप महिलाले उत्पादन गर्दै आएका सल, गलबन्दी प्रयोग गर्दै आएका छौँ । ज्येष्ठ नागरिक सम्मान जस्ता कार्यक्रममा टोपी, गलबन्दी र अस्कोट प्रयोग गर्दै महिलाका उत्पादनको बजारीकरण गरिरहेका छौँ", गाउँपालिकाका उपाध्यक्ष हिराकुमारी छन्त्यालले भनिन् । गाउँपालिकाले सात वर्ष पहिले महिलाका लागि सीपमूलक तालिम दिनुका साथै आवश्यक सामाग्री उपलब्धध गराउनुका साथै भवन बनाउन पनि सहयोग गरेको छन्त्यालले जानकारी दिइन् । उनका अनुसार अहिलेसम्म सामग्री, भवन, प्रशिक्षणलगायत गतिविधिका लागि पालिकाले २५ लाख लगानी गरिसकेको छ । यहाँका महिलाले ढाकाका कपडा बुनेर मासिक ५० हजारसम्म आम्दानी गर्दै आएका उपाध्यक्ष छन्त्यालले जानकारी दिइन् । सुरुवातका दिनमा आफूले उत्पादन गरेका सामग्री बिक्री नभएर सास्ती भएपनि पछिल्लो समय पालिकाले खरिद गरिदिन थालेपछि महिला उत्साहित भएका घर्तीले बताइन् । महिला कल्याण आमा समूहको कोषाध्यक्षसमेत उनले पालिकाको साथ र सहयोगले तमानगाउँका महिलालाई उद्यमी बनाउनुका साथै आत्मनिर्भर बनाउँदै लगेको धारणा राखिन् ।

*-रासस*

### खेलकुद समाचार

## चीनलाई हराउँदै नेपालको विजयी शुरुआत



**काठमाडौं,** जेठ १७/चीनलाई हराउँदै नेपाली क्रिकेट टोलीले एशियाली खेलकुद छनोटमा विजयी शुरुआत गरेको छ । सिङ्गापुरमा आइतबार भएको उद्घाटन खेलमा नेपालले चीनलाई २२१ रनले हरायो । नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको चीनले १९ ओभर २ बलमा ९२ रन बनाउँदा सबै विकेट गुमायो । चीनका शेन्जियान झेङले ३१ रन बनाए । नेपालका कुशल मल्लले ३ तथा सोमपाल कामी र सन्दीप लामिछानेले २/२ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले २० ओभरमा २ विकेट गुमाएर ३१३ रन बनायो । नेपालका कुशल भुर्तेलले शतक बनाए । भुर्तेल ४३ बलमा १६ छक्का र ५ चौकाको मद्दतमा १२९ रन बनाएर आउट भए । यस्तै कुशल मल्लले नटआउट ८५, रोहित पौडेलले ६९ रन बनाए । चीनका मा क्वानचेङ र देङ जिनकीले १/१ विकेट लिए । टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको यो दोस्रो धेरै रन हो । यसअघि सन् २०२३ मा नेपालले एशियाली खेलकुदमा मङ्गोलियासँगको खेलमा ३१४ रन बनाएको थियो । आइतबारको खेलमा कुशल भुर्तेलले खेलको नवौं ओभरमा ६ छक्का प्रहार गरे । उनी यो कीर्तिमान बनाउने नेपालका दोस्रो र विश्वका छैटौं खेलाडी हुन् । यो जीतसँगै नेपाल समूह 'ए' को शीर्ष स्थानमा छ । यो समूहमा नेपाल, चीन र मलेशिया छन् । यसअघि यो समूहमा रहेको कतारले प्रतियोगितामा सहभागिता नजनाएपछि समूहमा ३ वटा टोली रहेका हुन् ।

### अर्थ/कर्पोरेट समाचार

## सुनको भाउ तोलामै २० हजार पाँच सयले बढ्यो




**पाल्पा,** जेठ १७/कारोबार हुने हप्ताको पहिलो दिन आइतबार सुनको भाउ तोलामा २० हजार पाँच सय रुपैयाँले बढेको छ । भाउ बढेर सुन आइतबार तोलाको ३ लाख ११ हजार १०० रुपैयाँ पुगेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

अस्ति शुक्रबार सुनको भाउ तोलाको २ लाख ९० हजार ६ सय रुपैयाँमा कारोबार भएको थियो । सरकारले सुनको भन्सार दर १० प्रतिशत वृद्धि गरेसँगै त्यसको असर बजारमा देखिएको महासैले जनाएको छ । यस्तै आइतबार चाँदीको भाउ पनि तोलामा ३०५ रुपैयाँ बढेको छ । शुक्रबार तोलाको ५ हजार ४० रुपैयाँमा कारोबार भएको चाँदी आइतबार तोलाको ५ हजार ३४५ रुपैयाँमा कारोबार भइरहेको महासैले जनाएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## हार्दिक श्रद्धाञ्जली

जन्म
२०००/११/१५



स्वर्गारोहण
२०८३/०१/१९

स्व. देवेन्द्र मान शाक्य

यस श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि. का सल्लाहकार श्री **देवेन्द्र मान शाक्य**को मिति २०८३ बैशाख १९ गतेका दिन ८३ वर्षको उमेरमा भएको निधनले सहकारी परिवार अत्यन्तै स्तब्ध भएको छ । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै समवेदना व्यक्त गर्दछौं । साथै आज जेष्ठ शुक्लपक्ष प्रतिपदाको दिन प्रथम मासिक पुण्य तिथि परेकोले दिवंगत आत्माको चीर शान्ति, सुगति सहित शीघ्र निर्वाण लाभ प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बिनयराज बज्राचार्य, सचिव एवं सरोज लाल शाक्य, अध्यक्ष

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-६, पाल्पा, परिवार

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

-सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
-सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
-अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
-सूचनाको हक सुनिश्चित गरौं,
-भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
-गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
-प्रविधिमैत्री सेवा विस्तार गरौं,
-जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई